नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्याः२०७४/७५

चलानी नं.: २२१

मिति : २०७५।०३।०७

श्री गाउँ/ नगरपालिका, सबै (३९ जिल्ला),

**श्री जिल्ला समन्वय समितिको कार्यालय (३९),**

*(धनुषा, झापा, महोत्तरी, सिरहा, सुनसरी, सप्तरी, उदयपुर, खोटाङ, सर्लाही, सिन्धुली, बारा, सिन्धुपाल्चोक, नवलपरासी (पूर्व), रौतहट, मोरङ, कैलाली, दाङ, धादिङ, नुवाकोट, रामेछाप, कास्की, नवलपरासी (पश्चिम), रुपन्देही, कपिलवस्तु, मकवानपुर, चितवन, तनहुँ, स्याङजा, काभ्रेपलाञ्चोक, इलाम, बाग्लुङ, रोल्पा, बाँके, पाँचथर, पर्सा, सल्यान, भोजपुर, गुल्मी, गोर्खा)*

विषय : सुरक्षित आप्रवासन परियोजनामा साझेदारी र सहकार्य सम्वन्धमा ।

प्रस्तुत विषयमा श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं ७२ प.सं. २०७४/०७५, मिति २०७५/०३/०३ पत्रबाट वैदशिक रोजगारलाई व्यवस्थित गर्न नेपाल सरकार र स्वीस सरकार बिच भएको द्विपक्षीय सहयोग सम्झौता अनुरुप सुरक्षित आप्रवासन परियोजना (**Safer Migration Project-SaMi**) विगत ७ वर्ष देखि स्थानीय स्तरमा संचालनमा रहेको, परियोजनाको मुख्य लक्ष्य वैदेशिक रोजगार सम्वन्धी समुदायस्तरमा सूचनाको पहुँच अभिवृद्धि गरी जनचेतना अभिवृद्धि गर्ने र ठगी वा शोषणमा परेका वा पर्न सक्ने वैदेशिक रोजगारमा जान चाहने संभावित व्यक्ति वा उनका परिवारका सदस्यलाई न्यायको पँहुच पुर्याउन सहजीकरण गर्ने रहेको र यस परियोजनाको कार्यान्वयनलाई गुणात्मक र परिमाणमुखी बनाउन स्थानीय तहबाट समेत व्यवस्थापनको अतिरिक्त लागत सहभागिता, परियोजना संचालनमा केन्द्रित हुने गरी सम्पर्क शाखा वा व्यक्ति तोक्ने, आवश्यक रिटर्नी स्वयमसेवकहरुको परिचालन समेतको सुनिश्चिताका लागि स्थानीय तहको आगामी आ.व. ०७५/०७६ को कार्यक्रम तथा बजेटबाट साझेदारी र सहकार्य हुन संलग्न स्थानीय तहहरुमा अनुरोध गरीदिन हुन भनी लेखि आएकोले आगामी आ.व. को बजेट तथा कार्यक्रममा परियोजनासंग साझेदारी र सहकार्यको लागि आदेशनुसार अनुरोध छ । श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट प्रप्त पत्रको छाँया प्रति यसैसाथ संलग्न छ ।

.....................

जनकराज शर्मा

शाखा अधिकृत

<u>बोधार्थ :</u>

श्री सुचना तथा विद्युतीय सुशासन शाखा- website मा अपलोडका लागि ।

श्री श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,

नेपाल सरकार
श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(रोजगार समन्वय तथा सूचना शाखा)

सिंहदरबार, काठमाडौं, नेप
फोन नं. : ९७७-१-४२११९
फ्याक्स : ९७७-१-४२११८
E-mail :migration@mole.gov
Website :www.mole.gov.np

पत्र संख्या: ०७४/०७५
च.नं: ६२

मिति: २०७५।०३।०३

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार ।

**विषयः-परियोजना संचालन सम्वन्धमा पत्राचार गरिदिने बारे ।**

वैदेशिक रोजगारीलाई व्यवस्थित गर्न नेपाल सरकार र स्वीस सरकार बीच भएको द्विपक्षीय सहयोग सम्झौता अनुरुप सुरक्षित आप्रवासन परियोजना (Safer Migration Project-SaMi) विगत ७ वर्षदेखि संचालन भईरहेको व्यहोरा विदितै छ । सन् २०११-१३ सम्म परीक्षणको रूपमा सर्लाही र खोटाङ जिल्लामा र तत्पश्चात आ.व. ०७०।७१ देखि ०७४।७५ सम्म दोश्रो चरणमा काठमाण्डौं समेतका २० जिल्लामा परियोजना संचालन भईरहेको छ । दोस्रो चरणमा तत्कालीन जिल्ला विकास समितिहरूमार्फत कार्यान्वयन गर्ने गराउन त्यस मन्त्रालय र यस मन्त्रालयका वीच २०७०।११।६ मा समझदारी पत्रमा हस्ताक्षर भएको व्यहोरा समेत अनुरोध छ । यो परियोजनाको मूल्याकंनवाट दोश्रो चरणमा संचालित क्रियाकलापहरूबाट सकरात्मक उपलब्धि हासिल भएकोले तेश्रो चरणमा पनि कार्यश्रेत्र विस्तार गरी कार्यान्वयनको मोडालिटीमा केही हेरफेर सहित परियोजना संचालन गर्नुपर्ने सिफारिस प्राप्त भएको छ । सोही अनुरूप आगामी आ.व. ०७५।७६ देखि ०७८।७९ सम्म ४ वर्ष अवधिको तेश्रो चरणको परियोजना तयार भई द्धिपक्षीय संभ्रौताको अन्तिम चरणमा रहेको छ ।

वैदेशिक रोजगारका लागि सुरक्षित आप्रवासन परियोजनाको मुख्य लक्ष्य वैदेशिक रोजगार सम्बन्धी समुदायस्तरमा सूचनाको पहुँच अभिवृद्दि गरी जनचेतना अभिवृद्धि गर्ने र ठगी वा शोषणमा परेका वा पर्न सक्ने वैदेशिक रोजगारमा जान चाहने संभावित व्यक्ति वा उनका परिवारका सदस्यलाई न्यायको पँहुच पुऱ्याउन सहजीकरण गर्ने रहेको छ । साथै वैदेशिक रोजगारीमा जाने संभावित नेपाली नागरिकहरूलाई सीपमूलक तालिमको लागि सहयोग गर्ने, पिडित कामदार तथा उनका परिवारका सदस्यहरूलाई आवश्यकता अनुसार मनोसामाजिक परामर्श एवं वित्तीय साक्षरतासम्वन्धी कार्यहरू संचालन गरी विप्रेषणको सदुपयोग एवं उद्यमशिलता विकास गराउनु पनि हो । यसका लागि स्थानीय तहको वडा (समुदाय र परिवार) स्तरसम्म कार्य संचालनको प्रभावकारिता हुनु आवश्यक छ । त्यसैले स्थानीय तहकै नेतृत्व, स्वामित्व र सहभागितामा परियोजना कार्यान्वयन गर्ने गरी तेश्रो चरणको परियोजना दस्तावेज तयार भएको छ । जिल्ला भित्रका सबै स्थानीय तहले क्रमशः सेवा पाउने गरी कार्यक्रम संचालन गर्दा मूलतः वैदेशिक रोजगारीमा जान चाहने सम्भावित कामदारलाई लाभग्राही एवं लक्षित समूहका रूपमा सेवा पुऱ्याउन, राहदानीका लागि निवेदन दिन आउने निवदेन दर्ता तथा राहदानी बनिसकेपछि राहदानी वुझ्न आउनेमध्ये खास गरी वैदेशिक रोजगारीमा संलग्न हुन चाहने महिला तथा पुरूषलाई आप्रवासन सम्बद्द सेवा दिन, जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालय परिसरमा सूचना तथा परामर्श कक्ष राखी कार्य सञ्चालन गरिनेछ । यो परियोजनाको दोश्रो चरणमा कार्यक्रम संचालन भएका जिल्लाहरूमा यसै ढाँचा अनुरूप कार्य संचालन भैइरहेको व्यहोरा अनुरोध छ । यसै तथ्यलाई दृष्टिगत

नेपाल सरकार
**श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
(रोजगार समन्वय तथा सूचना शाखा)

सिंहदरबार, काठमाडौं, ने
फोन नं. : ९७७-१-४२११
फ्याक्स : ९७७-१-४२११
E-mail :migration@mole.g
Website :www.mole.gov.n

गरी जिल्ला प्रशासन कार्यालय रहेको नगर/गाँउ पालिकालाई आधारपालिका तोकी जिल्लाभित्रका अन्य पालिकाहरूसंग समन्वय र सहकार्य गर्ने गरी परियोजनाले कार्यान्वयनको संरचना तयार गरेको छ । यस सम्बन्धी विस्तृत जानकारी द्विपक्षिय सम्झौता सम्पन्न भएपछि त्यस मन्त्रालय र स्थानीय तहहरूमा गराईने व्यहोरा अनुरोध छ ।

परियोजना कार्यान्वयन गर्ने कार्यलाई प्रभावकारी बनाउन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा रहने परियोजना समन्वय इकाई (PCU), वैदेशिक रोजगार प्रवर्द्धन वोर्डमा रहेको राष्ट्रिय आप्रवासी श्रोत केन्द्र (NMRC) तथा प्राविधिक सहयोग उपलब्ध गराउने हेल्भेटास स्वीस इन्टरकोपरेशन अर्न्तगत रहने परियोजना सहयोग इकाई (PSU) ले परियोजनाको नतिजामूखी अनुगमन, परियोजना संचालनमा संलग्न हुने कर्मचारीहरूको क्षमता अभिवृद्धि, संस्था तथा कर्मचारी छनौट र कार्यान्वयनको प्रक्रियामा आवश्यक सहयोग गर्ने जिम्मेवारी बहन गर्नुपर्ने प्रावधान पनि परियोजनाको दस्तावेजमा प्रस्ताव गरिएको छ। आगामी आर्थिक वर्षमा सुरक्षित आप्रवासन कार्यक्रमप्रति स्थानीय तहको स्वामित्व र नेतृत्व अभिवृद्धि गर्दै परियोजनाको क्रियाकलापहरू प्रभावकारीरूपमा संचालन गर्न आवश्यक बजेट संघीय अर्थ मन्त्रालयबाट सर्शत अनुदानको रूपमा सोझै पठाउने व्यवस्था मिलाइने छ ।

यस परियोजनाको कार्यान्वयनलाई गुणात्मक र परिणाममूखी बनाउन स्थानीय तहबाट समेत व्यवस्थापनको अतिरिक्त लागत सहभागिता हुनुपर्ने हुन्छ । त्यसैले स्थानीय तहको तर्फबाट समेत परियोजना संचालनमा केन्द्रित हुने गरी सम्पर्क शाखा वा व्यक्ति तोक्ने, आवश्यक रिटर्नी स्वयम्सेवकहरू (वैदेशिक रोजगारीबाट फर्केका कामदार) को परिचालन समेतको व्यवस्था सुनिश्चित गर्नको लागि आगामी आ.व. ०७५।०७६ को कार्यक्रम तथा बजेटमा आवश्यक रकम विनियोजन तथा अन्य व्यवस्थापकीय सहयोग सम्बन्धी तयारी गर्न गराउन जरूरी भएको छ । त्यसैले यस मन्त्रालयको मिति २०७५।२।१३को (मा. मन्त्रीस्तर) निर्णयानुसार परियोजना कार्यान्वयनका लागि छनौट भएका ३९ जिल्लाका जिल्ला समन्वय समिति मार्फत जिल्ला भित्रका जिल्ला समन्वय समिति र सबै स्थानीय तहहरूलाई पत्राचार गरी समिति मार्फत आवश्यक समन्वयको व्यवस्था हुन समेत निर्णयानुसार अनुरोध छ । परियोजना संचालन गरिने ३९ वटा जिल्लाहरूको सूची यसैसाथ संलग्न छ । धन्यवाद सहित ।

डा. लोकनाथ भुसाल
उप-सचिव

वोधार्थ तथा कार्यार्थ

१) श्री वैदेशिक रोजगार प्रवर्द्धन वोर्ड
बानेश्वर, काठमाण्डौ ।

२) श्री सुरक्षित आप्रवासन परियोजना,
परियोजना व्यवस्थापन इकाई
सानेपा, ललितपुर ।